# बीमाको बारेमा अन्य जानकारीहरू के के छ ?

क) बीमाङ्क रकम न्युनतम रु.५०,०००/- हुनेछ ।

ख) सदस्यले बीमाङ्क रकम भन्दा बढी बिना धितो कर्जा लिन चाहेमा कर्जा र बीमाङ्क रकमको फरक रकमको १ प्रतिशत प्रतिवर्षको दरले कर्जा सुरक्षण शुल्क बुझाउनु पर्नेछ ।

ग) यी बचत सेवाबाट संस्थाले बीमा प्रिमियम बुझाउन सहजीकरण मात्र गर्नेछ । बीमा प्रिमियम बुझाउने दायित्व बीमित कै हुनेछ ।

घ) बीमा कम्पनीबाट प्राप्त हुने लाभमा यदि बीमितले संस्थालाई तिर्नु पर्ने कुनै रकम भए उक्त रकमकट्टी गरेर बाँकी रहेको सबै रकम बीमित वा निजको हकवालाले प्राप्त गर्ने छन् ।

ङ) कुनै सदस्यले मासिक किस्तावन्दीमा बचत जम्मा नगरी एकमुष्ट रुपमा बीमा प्रिमियम बापतको रकम अग्रिम जम्मा गर्न सक्नेछन् ।

च) यो बचतबाट बीमा प्रिमियम बुझाउन बाहेक अन्य प्रयोजनको लागी रकम झिक्न पाइने छैन ।

**हरेक सदस्यहरूको सुरक्षाको चाहना**
**सोही अनुरूप रोयल बीमा योजना ।**



## बीमा गर्न के के कागजातहरू चाहिन्छ ?

क) नागरीकता प्राप्त गर्ने उमेर भै सकेका व्यक्तिको नागरिकताको प्रतिलिपी,नाबालक भएमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी

ख) बीमा गर्ने व्यक्तिको २ प्रति पासपोर्ट साईजको फोटो

ग) संस्थाले तोकेको ढाँचामा पुर्ण रुपमा भरिएको निवेदन फारम

घ) संस्थाको सदस्य नभएमा पुर्ण रुपमा भरिएको सदस्य पहिचान विवरण फारम

ङ) संस्थाले र बीमा कम्पनीले आवश्यक ठानेका अन्य कागजात र प्रमाणहरु

**आजै रोयल बीमा बचत खाता खोल्नुहोस्,**
**सुन्दर र सुनिश्चित भविष्यको कल्पना गर्नुहोस् ।**




रोयल बहुउद्धेश्यीय सहकारी संस्था लि.
Royal Multipurpose Cooperative Ltd.
LIVE LIKE ROYAL LIFE!

Royal Complex, Basundhara Ring Road, Ktm., Nepal
P.O. Box: 11683, Tel: 4354046, 4364458,
Fax: 0977-01-4387597, E-mail:royalcp@wlink.com
Website: www.royalcooperative.com.np


## सुरक्षित र समृद्ध जीवनको आधार




# रोयल बहुउद्धेश्यीय सहकारी संस्था लि.
# Royal Multipurpose Cooperative Ltd.

LIVE LIKE ROYAL LIFE!

# रोयल बीमा योजना

भविष्य सायदै अनिश्चित छ,मानव जीवन यावत चुनौती र जोखिम संग संघर्ष गर्दै व्यतित गर्नुपर्ने हुन्छ। हामी हरेक क्षण विभिन्न रोग,व्याधि,दुर्घटना ,जोखिम र मृत्यु संग संघर्ष गरिरहेका हुन्छौं । मानव जन्म पछि मृत्यु नचाहेर पनि निश्चित छ। त्यसकारण आज गरेको जीवन बीमाले एकातिर जोखिम वहन गर्छ भने अर्को तर्फ बीमा गरेको व्यक्तिको बीमा लाभ सहित एकमुष्ट रकम फिर्ता हुन्छ ।

त्यसैले यसप्रकारको यावत चुनौती र सम्भावीत जोखिमहरुलाई न्यूनीकरण गर्न र बचतको लागी यस संस्थाले बीमा योजना सञ्चालन गरेको छ।

# रोयल बीमा बचत के हो ?

रोयल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा आवद्ध भएका वा हुन चाहने सदस्यहरुको जीवनमा आइपर्न सक्ने सम्भावित जोखिम न्यूनीकरण गर्नका लागी जीवन बीमाको प्रिमियम तिर्ने प्रयोजनका लागि कार्यालय वा घरदैलोमा गएर एकमुष्ट वा नियमित रुपमा संकलन गरिने बचत नै रोयल बीमा बचत हो ।

**जोखिम न्युनिकरण र प्रतिफलको आधार खोजौ**
**सुनौलो भविष्यको लागि रोयल बीमा बचत रोजौ**



# बीमा बचत बाट के फाईदा हुन्छ ?

- आजको सानो-सानो बचतले भोलीको सम्भावित जोखिमलाई न्यूनीकरण गर्दछ।
- आफ्नो आम्दानी अनुसार संस्थाको कार्यालय वा घरदैलोमा (केन्द्र) मा बचत जम्मा गर्न सकिन्छ।
- बचतमा संस्थाको नियमानुसारको व्याज पाईन्छ ।
- बचतमा जम्मा भएको रकमबाट बीमाको प्रिमियम संस्थाले नै बुझाई दिन्छ।
- लघुवित्त कार्यक्रममा आवद्ध हुनु भएका सदस्यले गर्नु पर्ने अनिवार्य बचत बाहेक अन्य बचत नगरे पनि हुन्छ ।
- बीमा अवधि समाप्ती पश्चात बीमा कम्पनीको नियमानुसार सम्पुर्ण सुविधा पाईन्छ।
- संस्थाको लघुवित्त कार्यक्रममा आवद्ध नभएपनि (समुह त्याग गरे पछि पनि) आफैले बीमाको प्रिमियमलाई निरन्तरता दिन सकिन्छ।

# बीमा बचत कसरी ?

रोयल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको कार्यालय वा कर्मचारीहरु संग भेट गरी आवश्यक जानकारी लिन सकिनेछ । तपाईले आफ्नो इच्छा अनुसारको रकम र अवधिको जीवन बीमा गर्न सक्नु हुनेछ। सो बीमा गरे बापत तपाईले वार्षिक रुपमा बुझाउनु पर्ने बीमाको प्रिमियम रकमलाई हरेक महिनामा बाँडिर रोयल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको कार्यालयमा आई वा आफ्नो घरदैलोमा सञ्चालित केन्द्र बैठकबाट पनि बचत गर्न सकिन्छ। मासिक रुपमा जम्मा भएको बचत रकमबाट प्रिमियम शुल्क वार्षिक रुपमा उक्त खाताबाट रकम झिकेर संस्थाले बीमा प्रिमियम बुझाई दिनेछ। यसबाट तपाईलाई आफ्नो जीवन बीमाको प्रिमियम बुझाउन एकमुष्ठ रकमको व्यवस्था गर्न अप्ठ्यारो हुने छैन । यसरी बीमा बचत गरेको रकममा संस्थाले नियमानुसार व्याज समेत प्रदान गर्दछ।

# कुन कुन कम्पनीको कुन कुन बीमा गर्न सकिन्छ ?

हाल नेशनल लाईफ इन्स्योरेन्स कम्पनी, नेपाल लाईफ इन्स्योरेन्स कम्पनी र प्राईम लाईफ इन्स्योरेन्स कम्पनी को बीमा योजनामा सहभागी हुन सक्नु हुन्छ। संस्थाले अहिलेको लागी निम्न बीमा सेवाको लागी बीमा बचत योजना ल्याएको छ।



नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED

| | |
|---|---|
| जीवन अमृत बीमा योजना | अमृत वर्षा बीमा योजना |
| बाल अमृत बीमा योजना | बचत अमृत बीमा योजना |
| दम्पती अमृत बीमा योजना | भविष्यवृति बीमा योजना |

NEPAL LIFE INSURANCE

| |
|---|
| सुरक्षित जीवन बीमा |
| जीवन साहारा बीमा |
| सीलो जीवन बीमा |
| केटाकेटी मार्यादक बीमा |
| बाल शिक्षा योजना |

PrimeLife
Secured Future

| |
|---|
| प्राईम लाईफ पेन्सन योजना |
| प्राईम लाईफ स्वर्णीम जीवन बीमा |
| प्राईम लाईफ सरल बीमा |
| प्राईम लाईफ नारी जीवन बीमा |
| प्राईम लाईफ धनभण्डार योजना |
| प्राईम लाईफ जीवन सुरक्षा योजना |

यी योजनामा बीमा सम्बन्धी सेवा, शर्त र सुविधाहरु सम्बन्धित बीमा कम्पनीको नियमानुसार हुनेछ।

**रोयल बहुउद्देश्यीय सहकारी संस्थाको अपेक्षा**
**बीमा गरे हुन्छ भविश्यको सुरक्षा**